**बैठक संख्याः१०**

आज मिति २०७९ साल कार्तिक २ गते मङ्गलवारका दिन बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्की ज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभा हलमा बिहान ५:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

## उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख- श्री रमेश कार्की | अध्यक्ष |
| २. उप- प्रमुख - श्री नन्द कुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं १ - श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं २ - श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं ३ - श्री राजदिप लामा | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं ४ - श्री आसाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं ५ - श्री रोहित काफ्ले | सदस्य |
| ८. वडा अध्यक्ष, वडा नं ६ - श्री उद्धब प्रसाद पोखरेल | सदस्य |
| ९. वडा अध्यक्ष, वडा नं ७ - श्री कपिल आचार्य | सदस्य |
| १०. वडा अध्यक्ष, वडा नं ८ - श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं ९ - श्री निरञ्जन मण्डल चन्द्रबंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं १० - श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं ११ - श्री कृष्ण कुमार महतो | सदस्य |
| १४. कार्यपालिका सदस्य - श्री पंकज कुमार महतो | सदस्य |
| १५. कार्यपालिका सदस्य - श्री बिष्णु कुमारी बिष्ट | सदस्य |
| १६. कार्यपालिका सदस्य - श्री मालति बिश्वकर्मा | सदस्य |
| १७. कार्यपालिका सदस्य - श्री दुर्गा राई | सदस्य |
| १८. कार्यपालिका सदस्य - श्री नविन बि.क. | सदस्य |
| १९. कार्यपालिका सदस्य - श्री भगवति कटुवाल खड्का | सदस्य |
| २०. कार्यपालिका सदस्य - श्री रत्न बहादुर रम्तेल | सदस्य |
| २१. कार्यपालिका सदस्य - श्री सुष्मा माझी | सदस्य |
| २२. प्रमुख प्रशासकीय अधिकृत - श्री ऋद्धि प्रकाश सिटौला | सदस्य-सचिब |

**<u>आमन्त्रित</u>**

१. लेखा अधिकृत - श्री वीरेन्द्र यादव

२. अधिकृत छैटौ प्रशासन शाखा प्रमुख - श्री राजकुमार गौतम

३. सूचना प्रविधि अधिकृत - श्री पुकार पोखरेल

**<u>प्रस्तावहरुः-</u>**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. शुभकामना तथा परिचयात्मक सम्बन्धमा ।

३. बिबिध ।

**<u>निर्णयहरुः-</u>**

१. प्रस्ताव नं १ उपर छलफल हुँदा मिति २०७९ भाद्र १० गते बसेको कार्यपालिका बैठकको समिक्षा गरी सो बैठकमा भएका निर्णयहरुको कार्यान्वयन सन्तोषजन भएको महशुश भएको निर्णय गरीयो ।

२. प्रस्ताव नं २ उपर छलफल हुँदा नेपालीहरुको महान पर्व बिजयादशमी, तिहार, नेपाल सम्बत तथा अन्य पर्वहरुको उपलक्ष्यमा शुभकामना व्यक्त गर्दै बराहक्षेत्र नगरपालिकामा सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री ऋद्धि प्रकास सिटौलालाई हार्दिक स्वागत गर्ने निर्णय गरीयो ।

३) प्रस्ताव नं ३ माथी छलफल गर्दा देहायको निर्णयहरु सर्वसम्मतीले गरीयो

क) बराहक्षेत्र नगरपालिकामा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्नका लागि स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधी, २०७९ स्वीकृत गर्ने ।

ख) बराहक्षेत्र नगरपालिकाको स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधी,२०७९ को परिच्छेद २ को दफा "छ" १ अनुसार नगरपालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समितिमा रहने गरी देहाय व्यक्तीहरुलाई सदस्य पदमा मनोनित गर्ने ।

१) श्री कृष्ण कुमार महतो (प्रमुखले मनोनित गरेको बढी जनसंख्या भएका कुनै एक वडाका अध्यक्ष)

२) श्री दिवस बिष्ट नगर अस्पताल (प्रमुखले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था)

३) श्री विनोद कुमार मेहता मधुवन प्रा.स्वा.केन्द्र (प्रमुखले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था)

४) श्री यसोधा सुवेदी ( प्रमुखले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र महिला स्वयंसेविका)

५) श्री मनोज काफ्ले (दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड)

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
कोशी प्रदेश, नेपाल